वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY

राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १५७ | २०८३ असोज २५ गते आइतबार, नेपाल सम्वत् ११४६ October 11, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

बाढीपहिरोले तनहुँका सार्वजनिक पूर्वाधारमा ठूलो क्षति

क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि सम्बन्धित निकायमा सिफारिस

भञ्ज्याङ समाचारदाता/तनहुँ

गत असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि आएको बाढीपहिरोले तनहुँका सडक, पुल, कल्भर्टलगायत सार्वजनिक पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको छ । बाढीले पाँचवटा झोलुङ्गे पुल पूर्ण रूपमा क्षतिग्रस्त बनाउनुका साथै तीनवटा झोलुङ्गे पुल र एउटा पक्की पुलमा आंशिक क्षति पुऱ्याएको छ। दुईवटा कल्भर्टमा समेत क्षति पुगेको छ ।

बाढीले घर, सडक, खानेपानी, विद्युत्, कृषि तथा पशुपक्षी क्षेत्रमा समेत असर पारेको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ । पुल तथा सडक संरचनामा क्षति पुगेपछि विभिन्न बस्तीबीचको आवागमन प्रभावित भएको छ । नदी वारपार गर्ने स्थानीय बासिन्दा र विद्यालय जाने विद्यार्थीलाई समेत समस्या भएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीका अनुसार क्षतिग्रस्त संरचनाको पुनर्निर्माण तथा मर्मतका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको छ । स्थानीय तहका विपद् व्यवस्थापन समितिको निर्णय, पालिका तथा वडाको सिफारिस, जिल्ला प्रहरी कार्यालयको सिफारिस र जिल्ला सुरक्षा समितिको अनुगमनका आधारमा आवश्यक प्रक्रिया अघि बढाइएको उनले बताए ।



तनहुँको ऋषिङ गाउँपालिका-४ मधुवन र नवलपुरको बुलिङटार गाउँपालिका कोखेटार जोड्ने कालीगण्डकी नदी माथिको झोलुङ्गे पुल बाढीले पुराएको क्षति। *तस्विर : भञ्ज्याङ*

क्षतिग्रस्त संरचनाको मर्मत तथा पुनर्निर्माणमा ढिलाइ हुँदा स्थानीयको आवागमन, दैनिक जनजीवन र सेवा प्रवाहमा थप समस्या हुन सक्ने भएकाले तत्काल काम अघि बढाउन सम्बन्धित निकायलाई अनुरोध गरिएको तिवारीले जानकारी दिए ।

पाँच झोलुङ्गे पुल पूर्ण क्षतिग्रस्त

बाढीले घिरिङ गाउँपालिका र छिमेकी जिल्लाका विभिन्न बस्ती जोड्ने चारवटा तथा देवघाट गाउँपालिकाको एउटा झोलुङ्गे पुल पूर्ण रूपमा क्षतिग्रस्त बनाएको छ।

घिरिङ गाउँपालिका-१ र पाल्पाको रामपुर नगरपालिका जोड्ने झोलुङ्गे पुल पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । सोही वडाको अत्रौलीबाट कासिवन जोड्ने पुलसमेत बाढीले बगाएको छ । यी दुवै पुल पुनर्निर्माणका लागि स्थानीय पूर्वाधार विकास विभाग, ललितपुरमा सिफारिस गरिएको प्रमुख जिल्ला अधिकारी तिवारीले बताए।

त्यसैगरी घिरिङ गाउँपालिका-४ र नवलपुरको बौदीकाली गाउँपालिका-२ अन्तर्गत मण्डारबाट खरसङघाट जोड्ने झोलुङ्गे पुल पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। सोही वडाको करूवाटारबाट माइतीघाट-मचेडी जोड्ने पुलमा पनि बाढीले पूर्ण क्षति पुऱ्याएको छ। यी पुलको पुनर्निर्माणका लागि समेत स्थानीय पूर्वाधार विकास विभागमा सिफारिस गरिएको छ ।

देवघाट गाउँपालिका-२ र नवलपुरको बुलिङटार गाउँपालिका-१ जोड्ने खाल्टे-बुलिङटार झोलुङ्गे पुल पनि बाढीले पूर्ण रूपमा क्षतिग्रस्त बनाएको छ । पुलहरू क्षतिग्रस्त भएपछि नदीपारिका बस्तीमा आवतजावत गर्न कठिनाइ भएको छ । दैनिक

बाँकी तेश्रो पेजमा

सय वर्ष पुराना सम्पदा खोज्दै व्यास नगरपालिका

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाको पहिचान, अभिलेखीकरण र संरक्षणका लागि विशेष अभियान अघि बढाइएको छ । नगरको मौलिक इतिहास र सांस्कृतिक पहिचान झल्काउने सम्पदाको व्यवस्थित अभिलेख तयार गरी भावी पुस्ताका लागि सुरक्षित राख्ने उद्देश्यले व्यास नगर प्रज्ञा प्रतिष्ठानले अभियान सञ्चालन गरेको हो ।



प्रतिष्ठानले नगरभित्रका सय वर्षभन्दा पुराना सम्पदाको विस्तृत विवरण संकलन गरी 'व्यास नगर सम्पदा' नामक पुस्तक प्रकाशन गर्ने, महत्वपूर्ण सम्पदाको फोटो ग्यालरी तयार गर्ने र वृत्तचित्र निर्माण गर्ने योजना अघि सारेको छ । अभियानबारे प्रतिष्ठानले शुक्रबार दमौलीमा पत्रकार सम्मेलन गरी जानकारी दिएको हो ।

व्यास नगर प्रज्ञा प्रतिष्ठानका उपकुलपति काशीनाथ न्यौपानेले ऐतिहासिक तथा पुरातात्विक सम्पदा नगरको पहिचान र इतिहासका महत्वपूर्ण आधार भएकाले तिनको खोज,

बाँकी तेश्रो पेजमा

बन्दीपुर अस्पतालमा विशेषज्ञ सेवा

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको बन्दीपुर अस्पतालमा सञ्चालन गरिएको विशेषज्ञ स्वास्थ्य सेवाअन्तर्गत शुक्रबार ५० जना सेवाग्राहीले स्वास्थ्य परीक्षण, उपचार तथा विशेषज्ञ परामर्श लिएका छन्। अस्पतालमा सञ्चालन गरिएको विशेषज्ञ सेवाअन्तर्गत स्त्री तथा प्रसूति विभागमा ३७ जना र बालरोग विभागमा १३ जना सेवाग्राहीले स्वास्थ्य परीक्षण तथा विशेषज्ञ चिकित्सकबाट परामर्श लिएको अस्पतालका प्रमुख डा. अनिल गिरीले जानकारी गराए ।



अस्पतालले स्थानीयस्तरमै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले विभिन्न विधाका विशेषज्ञ चिकित्सकको सेवा सञ्चालन गर्दै आएको उनले बताए। प्रमुख डा. गिरीले भने, 'विशेषज्ञ सेवा लिन अन्यत्र जानुपर्ने बाध्यता कम गर्नुका साथै गाउँपालिकाका नागरिकलाई सहज र पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले यस्तो सेवा सञ्चालन गरिएको छ ।'

अस्पतालका अनुसार आगामी कार्तिक १४ गते रेडियोलोजिस्टबाट भिडियो एक्स-रे सेवा तथा नाक, कान, घाँटी रोगसम्बन्धी विशेषज्ञ सेवा सञ्चालन हुनेछ । त्यस्तै, कार्तिक २१ गते छाला रोग तथा मानसिक रोगसम्बन्धी विशेषज्ञ सेवा सञ्चालन गर्ने तयारी गरिएको छ।

विशेषज्ञ सेवा अस्पतालमै नियमित रूपमा उपलब्ध हुन थालेपछि स्थानीय सेवाग्राहीलाई विशेषज्ञ चिकित्सकसँग प्रत्यक्ष स्वास्थ्य परीक्षण तथा परामर्श लिन सहज भएको छ । विशेषगरी महिला, बालबालिका तथा अन्य रोगका बिरामीलाई सामान्य स्वास्थ्य सेवाका लागि बाहिर जानुपर्ने अवस्था घटाउन विशेषज्ञ सेवा प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

व्यासले वर्षाजन्य विपद्को क्षति सात दिनभित्र संकलन गर्ने

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिकाले हालैको भारी तथा अति भारी वर्षाका कारण नगर क्षेत्रका विभिन्न स्थानमा भएका विपद्जन्य घटनाको स्थलगत निरीक्षण गरी सात दिनभित्र प्रतिवेदन पेस गर्न विपद् व्यवस्थापन समितिलाई निर्देशन दिएको छ ।

नगर कार्यपालिकाको शुक्रबार बसेको २४८औँ नियमित बैठकले वर्षाका कारण भएका क्षति तथा विपद्जन्य घटनाको स्थलगत अध्ययन गरी अवस्थाको यथार्थ विवरणसहित प्रतिवेदन तयार गर्नुपर्ने निर्णय गरेको हो। कार्यवाहक नगर प्रमुख इन्दिरा दरैको अध्यक्षतामा बसेको बैठकले विपद् प्रभावित क्षेत्रको अवस्था पहिचान गरी आवश्यक विवरण संकलन गर्न समितिलाई निर्देशन दिएको नगरपालिकाले जनाएको छ ।

वर्षाका कारण भएका विपद्का घटनाको अवस्था, क्षतिको विवरण र प्रभावित क्षेत्रको वस्तुस्थिति पहिचान गर्न स्थलगत निरीक्षणलाई प्राथमिकता दिइएको नगरपालिकाले जनाएको छ । सात दिनभित्र प्रतिवेदन पेस गर्ने निर्णयसँगै नगर क्षेत्रमा भएका विपद्जन्य घटनाको व्यवस्थित विवरण संकलन गर्ने प्रक्रिया अघि बढ्ने अपेक्षा गरिएको छ ।

बैठकले समता विद्यालय छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०८३ पारित गरेको छ । त्यस्तै, सघन सहरी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ र सडक मर्मतसम्बन्धी कार्यविधि, २०८३ का विषयमा छलफल तथा प्रस्तुतिकरण गरिएको थियो ।

सहरी विकास कार्यक्रमलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्ने तथा सडक मर्मतसम्बन्धी कामलाई कार्यविधिअनुसार अघि बढाउने विषय बैठकमा प्रस्तुत गरिएको नगरपालिकाले जनाएको छ।


बैठकमा नागरिक लगानी कोष, पोखराका कार्यालय प्रमुखसहितका कर्मचारीले नागरिक पेन्सन योजनाबारे प्रस्तुतिकरण गरेका थिए। प्रस्तुतिकरणमार्फत योजनासम्बन्धी जानकारी दिइएको थियो ।

यसैगरी, बैठकले असोज ८ गते बसेको नगर कार्यपालिकाको २४७औँ बैठकका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरेको छ । अधिल्लो बैठकबाट भएका निर्णयको प्रगति र कार्यान्वयनको अवस्थाबारे छलफल गर्दै नगरपालिकाका कामलाई प्रभावकारी रूपमा अघि बढाउने विषयमा समीक्षा गरिएको थियो।

बैठकले नेपालीहरूको महान् चाड विजयादशमी, दीपावली, छठलगायत पर्वका अवसरमा सम्पूर्ण नगरवासीमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्ने निर्णयसमेत गरेको छ । बैठकमा प्रमुख प्रशासकीय अधिकृत, सबै वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य तथा सम्बन्धित शाखा र उपशाखाका प्रमुखहरूको उपस्थिति रहेको थियो।

www.bhanjyangnews.com

खसहरूले मानी आएको प्राकृत धर्म र कुलदेवता मष्ट



विषय प्रवेश

विश्वमा प्राकृत, हिन्दु, मुस्लिम, वौद्ध, इशाइ लगायत धेरै किसिमका धर्म प्रचलनमा रहेका छन। प्रत्येक मुल आशय आत्मशुद्धि वा आत्मज्ञान प्राप्त गर्नु नै हो। अलौकिक परमात्मालाई प्राप्त गर्ने नीव र नियम प्रत्येक धर्ममा आफ्नै पन छ । धर्मशास्त्रद्वारा निर्देशित मार्गबाटै मानवले यस लोक र परलोकको कल्याणका साथै शान्तिको कामना गर्दछ । धर्मको मूल तात्पर्य मानव कल्याण हो । ज्ञानको संचय र व्यवहारको उपजनै संस्कृतिको मुहान हो । शिवत्व र मरूत्वको सम्वन्ध संझने खश जाति भूमि जल वायु अग्नि र आकाशनै आफ्नो आराधानाको सर्वस्व र वर्चस्व मान्ने खसत्व भित्र समन्वयात्मकताको अपार संयोग पाइन्छ। मानिसको शरिर यीनै पाँच तत्व १, वायु-सूर्य २, पृथ्वी-गणेश ३, आकाश-नारायण ४, जल-शिव र ५, अग्नि-देवी पाञ्चायान देवताको रूपमा आराधना गर्ने खस जातिले आफ्ना पूर्वजहरूको प्राणवायु यसै वायु मण्डलमा विचरण गरेको महसुस गरी पितृहरूलाई मष्टदेवताको रूपमा स्वीकारी पूजा गर्ने परम्पराको विकास भएको हो ।

प्राकृत धर्म

प्राकृत धर्म आध्यात्मिक तत्वमा आधारित हुनुका साथै यो विज्ञान सम्मत पनि छ भन्दा अत्युक्ति नहोला। सनातनदेखि वर्तमान सम्म यस धर्मलाई यहाँसम्म ल्याइ पुऱ्याउन र जीवन्त राख्ने धामी डाङ्ग्रीहरूनै हुन । परम्परागत रूपमा पुजित हुँदै आएका मष्ट देवतालाई धामिका कायाकैरनका आधारमा पुंजा गरिदै आएकोले पुजाआजा गर्ने लिखित विधिविधान नपाइएको हो । यीनै धामी डाङ्ग्रीहरूले यस धर्मलाई फुलाउने र फलाउने गरेका हुन भन्न संकोच मान्न पर्दैन । प्राकृत धर्म खस समाजमा परम्परा देखि चल्दै आएको हो। खसहरूले मान्ने गरेको प्राकृत धर्म सबैभन्दा प्राचिन धर्म हो भन्न सकिन्छ ।

प्रकृति र पार्वती

प्र भनेको "प्रकाश स्वरूप ब्रह्म" र कुति भनेको "कार्य" हो । प्रकृति भन्नाले ब्रह्माको सृष्टि कार्यलाइ जनाँउछ । सृष्टि कार्यको प्रस्फुटन अवस्थामा हुने कम्पन (vibration) द्वारा उत्पन्न भएको अर्थात उद्घोष भएको ध्वनि नै ॐ हो । जहाँ कार्य हुन्छ त्यहाँ कम्पन हुन्छ। जहाँ कम्पन हुन्छ त्यहाँ ध्वनि पनि सृजित हुन जान्छ । यसैले शिवको योग गर्ने शक्ति नै प्रकृतिको अनुशरण हो । अर्थात शिव र पार्वतीको सहगमनबाट सृष्टि अनुभूति हो । संसारका सबै अभिव्यक्तिहरूमा प्रकृति नै मुल कारण र परब्रह्मको माया शक्ति हो । खस जातिमा प्रकृतिको प्रतिमूर्तिमान शक्ति स्वरूपाको रूपमा दुर्गाको बनस्खण्डी वनदेवीको पूजाआजा गरिएको हो । प्रकृति अथवा मायालाई नै देवीको सारतत्व मानिन्छ । यस जगतको गर्भाशय भित्र माया र प्रकृति विद्यामान रहेको छ जुन प्रलयकालमा गुप्त एवं लुप्त हुन्छ भने सृष्टि कालको समयमा सकृय रहन्छ । यसैले दुर्गा भवानी (पार्वती)लाई अष्टमातृका भन्ने चलन रहेको हो। यसरी हामी शिवलाई पुरूष शक्ति र प्रकृति र पार्वतीलाई मातृशक्ति मानिएको हो। वास्तवमा प्रकृति र पार्वती भन्नु एक सिक्काको दुइ पाटा हुन। प्रकृति ॐ कारको पहिलो मात्रा अकार नै विश्वरूप हो जुन सक्रिय भएर सदा विश्वरूपमै प्रकट हुन्छ। त्यसैले अ मात्रालाई सृष्टिकर्ता ब्रह्माको स्वरूप मानिन्छ। ब्रह्मारूप प्रकट भएको अ मात्राबाट नै हुन्छ भने ब्रह्मा, प्रकृति र अकार तीनवटै एकै हुन। ॐकारको दोश्रो मात्रा उकार स्वप्न अवस्थारूप हो। माया मोह विषयमा ज्ञात भएपछि मानव संसारिक विषय वासानाबाट तित्त भई आत्मज्ञानको खोजी तर्फ लाग्दछ जस्बाट उस्ले परमात्मा परेमश्वरमा लीन हुन पुग्दछ। ॐकारको तेश्रो मात्रा मकार शुषुप्ति रूप र प्राज्ञ हो जस्वाट विषय वासना परित्यक्त भै इश्वर प्राप्तिको अभिलाषा मात्र शेष रहेको हुन्छ । यसरी ॐकारको तीनै मात्राको सम्बन्ध प्रकृति, जीव र इश्वर तीनैसंग रहेको हुँदा भक्तजन यी सम्पूर्णको अनुभव गर्दै अन्तमा परब्रह्ममा नै लीन हुन्छन् । अतः विश्वको परमाणु जुन धुरीमा घुमिरहेको छ ती सम्पूर्णका केन्द्रिभुत सार भनेको ॐकार मात्र हो। जुन परम शिव तत्वको स्वरूप हो । कुलायन देवतालाई प्रत्येक दिन ॐ ऐं सौं ह्रिं..... (शिशाकोटी) महादेवाय कुलदेवताय ह्रिं ॐ स्वाहा मन्त्रजप गरेमा इच्छित वरदान प्राप्त हुने विश्वास गरिन्छ।

खसहरूका कुलायन देवता मष्ट

आफ्नो अपनत्व बाँच्ने जिजिविषामा राख्ने खस जातिहरू निराकार उपासनाका प्रतिक प्रकृतिको प्रतिकात्मक लिङ्ग, ध्वजा, घण्टा, चमार, डमरू, हातहतियार, निशान आदिलाइ आफ्नो आराधानाको सर्वस्व र साधनाको वर्चस्व मानि आएका हुन । प्रकृतिप्रेमी खसहरूले कुलका धामीलाई लोकका त्राणदाता शिवका प्रतिक मस्तकेश्वर वीरभद्र, आद्यशक्तिका प्रतिक दुर्गाभवानी महाकाली, सुरमादेवी, वनस्खण्डी वनदेवी, लोकका त्राणदाता वायु (मरूत्तेश्ह्वर) का धामीहरूलाई जटा, वाला, नयाँ वस्त्र, सुहागका सामाग्रीहरू पहिराउने प्रथा यद्यपि रहेको छ। कुलान्त कहलाएका खस जातिले केदार खसमण्डल प्रवेश गरेपछि नै कुलायन देवताको देवालीको प्रचलन सुरू गरेको बुझिन आएको छ । कुलायन देवताको रूपमा १२ भाइ मष्ट र शक्ति स्वरूपा भगवतीको रूपमा नौ भवानीलाई पूजा गर्ने खस क्षत्रीहरूको आफ्नै विशिष्टता हो ।

मष्ट निराकार भगवान

सन १८४० पूर्वनै इराकमा शिवको मरूत रूप देवता शिवको मूर्ति फेला परेपनि वैदिक काल अगाडि देखिनै विभाजित आर्यगणको कस्मिरतिर लागेको खसगणले चांही निराकार रूपमा नै मरूत र मष्टको उपासना गरेको पाइन्छ। आफुले मान्दै आएको देवता मरूत मष्टलाई निराकार रूपमा पूजा गरेता पनि शिव, विष्णु, ब्रह्मा, दुर्गा भवानी लगायत सबै देवतालाई श्रद्ध साथ पुजा गर्ने प्रवृति खसहरूको आफ्नै विशिष्ट पन हो । खस क्षत्रीहरूले प्रकृतिप्रद्धत खनिज पदार्थवाट निर्मित रक्षाका सुचक हातहतियार खड्ग, तरवार, खुंडा, खुकरी, वाण, त्रिशुल, संगितका सुचक डमरू, धातुका घण्टा, सारङ्गी, पञ्चेबाजा, मुरली, बांसुरी, वनजंगलका प्रतिक लिङ्ग, वनस्वरूप वनस्खण्डी, वनदेवता, खेतीयुक्त जमिनका देवता भुइयार, सिमेभूमे, पानी तथा मूलका देवता नाग , सूर्य अग्निको प्रतिक दियोको पूजा गरिने परम्परा यद्यपि जिवितै छ ।

यसै गरी वनस्पति जगतबाट प्राप्त हुने सुपारी, जटा सहितको नरीवल, रूद्राक्षमाला, वेलपत्र, पुष्पादिहरू, भूमिबाट प्रदत्त अनाज, जीवीत प्राणीहरूको सुचकमा चौरी गाइको चमर, पूजास्थल शुद्धिको लागि गाइको गोवर गहुंत गणेशको प्रतिमूर्ति गोवर, सुपारी, नरीवल, आफ्नो जाति तथा राष्ट्रियताको सुचकमा ध्वजापताका, निशान, इश्वर प्रद्धत्त मानव जीवनको अस्तित्व रक्षा अर्थात आत्माकी देवी प्राणदेवीको मूलतत्व वायुलाई आफ्नो सर्वस्व र वर्चस्व सम्झेर पूजा गर्ने गरिएकोछ । मष्ट तथा कुलायन देवतालाई छत विनाको खुला आकाश, रूखको फेद, ओढार, गुफा छाना नभएका माण्डौमा पूजा गर्नु वायुलाई स्तन्त्र विचरण गर्ने शक्तिको श्रोत वा पुञ्ज मान्नु नै खसहरू मूर्तिमा भन्दा भावनामा देवता छन भन्ने विश्वास गर्दछन भन्ने प्रमाणित हुन्छ ।

यसैले मष्ट वीरभद्रै रूप भए अवस्य नै मूर्तिमन्त हुने थिए भन्ने विषयमा कल्पना गर्नुमा दुइमत नहोला । मष्ट तथा कुलायन देवताको पूजा गर्दा सर्वप्रथम ज्योतिस्वरूप बलिरहेको दियोको पूजा गरिन्छ । अर्थात प्रभु परमेश्वर प्रकाश स्वरूप हुनुहुन्छ भन्न सकिन्छ । प्रज्ज्वलित दियोको ज्योति स्वरूप अर्थात भगवानको ज्योतिपुञ्ज प्रकाश स्वरूपमा हुने भएकाले उहाँ साकार नभएर निराकार देवता हुनुहुन्छ भन्न खोजिएको हो । मष्ट मूर्तिमन्त नभएकै कारण खसहरू आफ्ना आदर्श पुर्खाहरूको आत्मा यसै संन्सारमा विचरण गरेको स्मरण गर्दै पितृहरूलाई वायु देवताको रूपमा पूजा गर्ने परंपरको सुरूवात भएको हो ।

त्यसैले त पितृलाई वायु देवताको रूपमा पुजा गर्ने खस परंपरा आज पर्यन्त हाम्रो समाजमा जीवन्त रहेको मुल स्मारक हो । मष्ट सदैव वायुरूपमा रहने हुँदा पहिले देखिनै मष्ट देवताको मूर्तिको कल्पना नै गरिएन ।

मष्टको उत्पत्ति

क, मष्टको खास उत्पति स्थल मानोसरोवर आसपास भन्नाले कर्णालीको आपासको भूभाग पर्दछ भन्ने लाग्दछ । राक्षसहरूले नौ दुर्गा भवानीको सतित्व डगाउन खोजेकोले नौ दुर्गा भवानी र मानव मात्रको रक्षाको लागि मष्टको उत्पति भएको मानिन्छ ।

ख, भगवान शिव तीन आमाका पुत्र मानिन्छन । पृथ्वीको आगो, आकासको मरूत तथा विजुली र स्वर्गका तेज रूप सूर्य यस सन्सारका तीन मातृशक्तिहरू मानिन्छन । यीनै अग्नि, विद्युत र सूर्यलाई आगोको समष्टिरूप तथा तीन मातृशक्तिको पुञ्ज नै शिवको नामं मानिन्छ । अग्नि, मरूत र सूर्य प्रत्यक्ष दर्शनबाट र वायु स्पर्शद्वारा अनुभव अनुभूति गरिने प्राण रूपहरू हुन भन्दा अतिशयोक्ति नहोला ।

ग) वन जंगलयुक्त नयाँ क्षेत्रमा वसोवासको क्रममा बाघ वा अन्य जीवजन्तु द्वारा मारिएका आदि पुर्खाहरू वायु रूपमा प्रकट हुँदा उनीहरूवाट सुरक्षाको अनुभूतिको लागि मरूत देवताको पूजा आरम्भ भयो। यस्का साथै भूत, प्रेत, पिसाचहरूको अस्तित्व पनि वायु नै मानिन्छ। यसैले राक्षस भन्नाले भूत पिचास, प्रेत भन्नाले काँचो वायु र वायु भन्नाले पितृ बुझाउने गर्दछ। हाम्रो बोलचालको भाषामा बाहुनलाई काठा, क्षत्रीलाई खस र ठकुरीलाई कुशुण्डा भन्ने प्रचलन रहेको छ । यहाँ काठा भन्नाले प्रेत सम्वन्धि दान खाने जातिलाई बुझाउँछ ।

घ) मष्टोको उत्पति मानसरोवर उपत्यकामा भएर कर्णाली प्रदेश प्रवेश गरेको मानिन्छ। त्यही भएर खसहरू आफ्ना पूर्वजहरूको आदिम स्थल मानसरोवरलाई पवित्र भूमि मानी प्रत्येक वर्ष तीर्थ वर्त गर्न मानसरोवर पुग्ने गर्दछन।

ङ) कर्णाली प्रशवण क्षेत्र प्रवेश गरेका खसहरूको आदि मष्टको उत्पति स्थल ढंडार मानिन्छ। त्यस पछि फुटेको खप्तड भूमि हो। श्रीपालीहरूले मानि आएका मष्टहरूमा अदिमष्ट, वाविरो मष्ट, ढंडारमष्ट र थार्पो मष्ट, मष्टहरूमा प्रमुख मानिन्छन।

च) असुरहरूको आक्रमणबाट लखेटिएका खश जातिले मान्ने मष्ट भनेको कावा मष्ट हो । कावाको कालो पत्थर (मक्का मदिना) शिवलिङ्गको रूप हो ।

छ) हुण जातिको प्रवेश पछि मानिएका कुल देवता थार्पो मष्ट हुन ।

मष्टका प्रकार

प्राकृत धर्मका धर्मगुरूहरू तथा पुजारीमा धामीलाइ लिने गरिन्छ । मष्ट स्वयं निराकार हुनाले विशेष ज्ञान र शक्तिका माध्यमबाट धामीले मष्टको पूजा अर्चना गर्ने गरेको पाइन्छ। पूजा अर्चनाका अतिरिक्त कुलका धामीहरूले झारफुक तथा जडीबुटीहरूको प्रयोगका साथै अन्य विधिले पाली (भक्त)हरूको उपचार गरेर रोग निको बनाउने पनि गर्दछन । मैदानी आर्य सभ्यता तथा हिन्दु दर्शनले प्राकृतिक धमलम्वी तथा मष्ट उपासकहरूलाई पर्दाभित्र पारेको अनुभूति मिलेको छ । प्रतिक र भावनामा मात्र बुझ्न सकिने खसहरूका कुलायन देवतालाई प्राकृतिक भाषाको स्थानभेद, उच्चारणभेदले महेश्वर (महेश-महाशु-महांअशु)बाट मस्स-मस्त-मस्ट हुँदै आएको मानिन्छ । खसहरूका सात्विकी, राजसी र तामसी समेत तीन प्रकारका मष्ट तथा कुलायन देवता पाइएका छन् ।

पायस तथा खिर खाने सात्विकी, रक्त तथा रगतबलि खाने राजसी र पायस तथा रगतबलि दुबै बलि खाने कुलायन देवतालाई तामसी मष्ट भनिन्छ। सात्विकी मष्टहरूमा मण्डली, दूधे, लडे, राजसी मष्टमा आदिमष्ट, रूमालमष्ट, दाह्रेमष्ट, खापड मष्ट, टेडी मष्ट, र तामसी मष्टमा कालामष्ट, मुण्डा मष्ट, रूपामष्ट, कैलोमष्ट पर्दछन । जीवन निर्वाहको सिलसिलामा बसाइ सराइ गर्दै जहाँ जहाँ खस जातिहरू पुगे त्यहाँ त्यहाँ आफ्ना आराध्य देवता मष्टको स्थापना गरी पूजा चलाउदै आएको पाइन्छ। प्राकृत धर्म (मष्टधर्म)का अभियान्ता थर्कबहादुर बस्नेतले कुल १४७१ मष्टहरू मध्ये ५६० मष्टहरू सक्रिय र ९११ मष्टहरूको नामो निशान नभेटिएको बताउँछन्। मष्टसंस्कृतिमा आएको विचलन ले खस समदाय दिन प्रतिदिन परसंस्कृतिको मार खेप्दै जानु परेको तितो सत्य हो । खस जातिहरूले मान्दै आएका निम्न मष्टहरूको नाम समावेस गर्न उपयुक्त देखिएकोले यहाँ प्रस्तुत गरिएको छ ।

१ ढंडार (आदि) मस्ट २, कालो मस्ट ३, बूढ मष्ट ४, थार्पमस्ट ५, गुरो मष्ट ६, खापर मष्ट ७, ढाड्या मष्ट ८, दुद्यो मष्ट ९, विनाइक मष्ट १०, विजुलीडांडो मष्ट ११, कालशिलो १२ वाविरो मष्ट १३, सुनारगाउँ मष्ट १४, लाकुडो मष्ट १५, उखाडी (गुडाली) मष्ट १६ रूम मष्ट १७, छल (गुडाली) मष्ट १८, राउतकोट्या मष्ट १९, कफाल्ना मष्ट २०, पुइक मष्ट २१, वाम मष्ट २२, वांटपाल मष्ट २३, रामपाल मष्ट २४, लडी मष्ट २५, सोलुपाल मष्ट २६, क्षेत्रपाल मष्ट २७, वनपाल मष्ट २८, लोहासुर मष्ट २९, दुवेशिला मष्ट ३०, हगुरो मष्ट ३१, सिमताडी ३२, भ्वीन मष्ट ३३, सुल्लेगुरो मष्ट ३४, भुइगुरो मष्ट ३५, ह्याङ्ग मष्ट ३६, रागमाचुलामष्ट ३७, दयाशिला मष्ट ३८, भुवार मष्ट ३९, कैलाश मष्ट ४०, लामा विष्णु ४१, जग्गनाथ मष्ट ४२, कुडाचा मष्ट ४३, कालिकोट मष्ट ४४, हिङ्गाल मष्ट ४५, लड्या मष्ट ४६, लट्या मष्ट ४७, भैरो मष्ट ४८, शिद्ध मष्ट ४९, तेडी मष्ट ५०, गच्चु मष्ट ५१, कालढुङ्गी मष्ट ५२, ढुडुढुस्की मष्ट ५३, साकीद्यो मष्ट ५४, उज्या मष्ट ५५, धुरङ्गा मष्ट ५६, ठिंगाल मष्ट ५७, वान्नी मष्ट ५८, शम्भु मष्ट ५९, भुइकुटो मष्ट ६०, धुपीरूक्ख्या मष्ट ६१, वाजकोट्या मष्ट ६२, धोलुपु-या मष्ट ६३, भात्याखोलामष्ट

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
साथीभाइसँग भेटघाट हुनाले दिन मनोरञ्जनपूर्ण रहनेछ। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ।

वृष
पुरूषार्थले प्रतिस्पर्धीहरूको मनोबल कमजोर पार्न सकिनेछ। प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्।

मिथुन
रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ।

कर्कट
स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। व्यापार बढ्नेछ र मनग्य धनलाभ हुनेछ।

सिंह
अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ।

कन्या
प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। व्यापारमा फाइदा हुनेछ।

तुला
मिहिनेतले नयाँ अवसर दिलाउनेछ। पहिलेका दुश्मनहरूले समेत मित्रताका हात अघि बढाउनेछन्।

वृश्चिक
गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला।

बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ। लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ।

मकर
अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। प्रशस्त धन आर्जन गर्ने मौका छ।

कुम्भ
हिम्मत गर्दा लक्ष्यको उचाइ प्राप्त हुने समय छ। पेसा-व्यवसायमा सहयोगीहरूले राम्रो साथ दिनेछन्।

मीन
कृषि र उद्योगतर्फ मनग्य फाइदा उठाउन सकिनेछ। रोकिएका काम बन्ने र नयाँ काम सुरू गर्ने समय छ।

सय वर्ष पुराना सम्पदा .....

अभिलेखीकरण र संरक्षणलाई प्राथमिकता दिइएको बताए ।

उनले भने, "हाम्रो इतिहास र मौलिक पहिचान बोकेका सम्पदा संरक्षण गर्न नसके भावी पुस्ताले आफ्नो नगरको ऐतिहासिक महत्व बुझ्ने आधार गुमाउन सक्छन् । त्यसैले सम्पदाको पहिचान गरी प्रमाणसहित अभिलेख तयार गर्ने र संरक्षणलाई पर्यटनसँग जोड्ने काम अघि बढाएका छौं ।"

पुरातात्विक सम्पदा अभिलेखीकरण समितिका संयोजक देवीबहादुर बस्नेतका अनुसार नगरका वडास्तरमा पुगेर स्थानीय सम्पदाको पहिचान तथा छनोट गर्ने काम भइरहेको छ । प्रत्येक वडाबाट छनोट भएका राष्ट्रिय तथा स्थानीय महत्वका सम्पदाको तस्बिरसहित अभिलेख तयार गरिनेछ ।

स्थानीयस्तरमा रहेका धेरै सम्पदाको ऐतिहासिक महत्वबारे पर्याप्त जानकारी र दस्तावेज नभएकाले तिनको व्यवस्थित अभिलेख तयार गर्न अभियानले प्राथमिकता दिएको बस्नेतले बताए। कुन सम्पदा कहाँ छ, त्यसको ऐतिहासिक तथा सांस्कृतिक महत्व के हो र संरक्षणको अवस्था कस्तो छ भन्ने विवरण संकलन गरी एकीकृत अभिलेख तयार गरिने उनले जानकारी दिए ।

अभिलेखीकरणले सम्पदाको वर्तमान अवस्था पहिचान गर्न, संरक्षणका लागि प्राथमिकता निर्धारण गर्न र तिनको ऐतिहासिक महत्व नयाँ पुस्तासम्म पुऱ्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

प्रतिष्ठानले सम्पदाको संरक्षणसँगै व्यास पराशर क्षेत्र, छाब्दी बाराही र तनहुँसुरलगायतका ऐतिहासिक तथा धार्मिक गन्तव्यको जानकारी प्रविधिमार्फत उपलब्ध गराउने तयारी गरेको छ । गोष्ठी सञ्चालन तथा व्यवस्थापन समितिका संयोजक महाप्रसाद हड्खलेका अनुसार ती गन्तव्यमा क्यूआर कोडमार्फत पाँच भाषामा डिजिटल सूचना उपलब्ध गराउने योजना छ ।

सम्पदालाई पर्यटनसँग जोड्दा ऐतिहासिक तथा धार्मिक गन्तव्यको प्रचारप्रसार विस्तार हुनुका साथै स्थानीय संस्कृति, परम्परा र रैथाने खानाका परिकारको प्रवर्द्धनमा समेत सहयोग पुग्ने हड्खलेले बताए ।

अभियानबारे जनचेतना विस्तार तथा स्थानीय सम्पदाको महत्व उजागर गर्न आगामी मङ्सिर २५ देखि २७ गतेसम्म दमौली सभा गृह परिसरमा व्यास नगर पुरातात्विक सम्पदा एवम् ग्रामीण पर्यटन मेला आयोजना गर्ने तयारी गरिएको छ ।

मेला प्रस्तावना एवं प्रगति प्रतिवेदन लेखन समितिका संयोजक प्रज्ञा हरिसिंह गुरूङका अनुसार मेलामा सम्पदाको महत्वबारे विचार गोष्ठी, वृत्तचित्र निर्माण तथा स्थानीय संस्कृति प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछन् । मेलामार्फत नगरका ऐतिहासिक सम्पदा र ग्रामीण पर्यटनको सम्भावनाबारे जानकारी गराउने लक्ष्य राखिएको छ । प्रतिष्ठानले मेलालाई प्लास्टिकका बोतल र गिलासमुक्त बनाउने योजना बनाएको छ ।

व्यास नगरका सम्पदा पहिचान गरेर पुस्तक, तस्बिर र वृत्तचित्रमा सीमित नराखी तिनको संरक्षण, व्यवस्थापन र प्रचारप्रसारमा समेत निरन्तरता दिन सके अभियानको उपलब्धि दीर्घकालीन बन्नेछ । व्यवस्थित अभिलेखसँगै संरक्षणका लागि आवश्यक स्रोत, स्थानीय समुदायको सहभागिता र पर्यटनसँगको प्रभावकारी सम्बन्ध स्थापित गर्नु नै नगरको ऐतिहासिक पहिचान जोगाउने मुख्य आधार हुनेछ ।

खसहरूले मानी आएको .....

६४, पन्त्या मष्ट ६५, महावै मष्ट ६६, कुलद्यो मष्ट ६७, माहद्यो मष्ट ६८, राहद्यो मष्ट ६९, सकीद्यो मष्ट ७०, लाटोद्यो मष्ट ७१, चुनद्यो मष्ट ७२, कुलसैनी ७३, लाटोवाउन मष्ट ७४, सुपारी पण्डित मष्ट ७५, ध्यौलापानीमष्ट ७६, मशालो मष्ट ७७, रूमाला मष्ट ७८, टेढीमष्ट ७९, मण्डली मष्ट ८०, सड्या मष्ट ८१, मुण्डा मष्ट ८२, रूद्र मष्ट ८३, कैलीमष्ट ८४, काला मष्ट ८५, खप्पर मष्ट ८६, गन्याय मष्ट ८७, लोखाली मष्ट ८८, लिउडी मष्ट ८९, काफलमष्ट ९०,सीममष्ट ९१, ढुसापानी मष्ट ९२, डढीसितल मष्ट ९३, कुर्मि मष्ट ९४, रमाल मष्ट ९५, वाइफाले मष्ट ९६, रामफाल मष्ट ९७, महारूद्रदयौता मष्ट ९८, वा. सकोट्या मष्ट ९९, पुआल्या मष्ट १००, कुंयडा मष्ट १०१, साइन मष्ट १०२, धुरापानी मष्ट १०३, वडावाडामष्ट १०४, तलीकोट्या मष्ट १०५, स्वैता मष्ट १०६, पंचालो मष्ट १०७, रूपा मष्ट १०८, काला मष्ट १०९, स्युना मष्ट ।

उपर्युक्त मष्टहरू बाहेक कुलायन पूजासंगै भवानी वनदेवी, मरूत (सर्वत्रव्यापि, सर्वदर्शी सर्वज्ञाताको रूपमा मानिसको अङ्गमा चढी बोल्ने देवता), क्षेत्रपाल-भुइयार, नौ दुर्गा भवानी, मष्टका भाञ्जा भाञ्जी, भूत, वेतालको पनि मष्टको गणनामा पुजित छन । मष्टो देवताको प्राचीनता बताउने र यस्को प्रभुत्तालाई स्वीकार गर्न लगाउने धर्मगुरूको रूपमा धामी झाँक्रीलाइनै मान्नु पर्दछ ।

खस जातीहरू वास्तवमा प्राकृत धर्मका अनुयायीहरू हुन । खसहरू वौद्ध धर्म र हिन्दु धर्ममा दिक्षित भएको ७०० वर्ष पनि पुगेको छैन । वि.सं. ७०० देखि १२८० को बीचमा हिन्दुकरण गर्न ठूलै कसरत गरियो । राजाज्ञा मार्फत खसहरूलाई जबरजस्त जनै भिराउने काम गरियो । जनैका साथ खसहरूलाई क्षत्री वर्णमा पदोन्नती गरियो । सबै खस जातिलाई हिन्दुकरण गर्नमा प्रयत्न गरियो । खस भएर पनि तथा कथित आफुलाई आर्य वंशज हौं भनी उच्च खानदानमा दर्ज गर्न चाहनेहरूको कारणले नै यो प्राकृतिक धर्म र बौद्ध धर्ममाथि परसंस्कृतिकरणको चपेटामा पुऱ्याउँदै यो हविगतमा पुऱ्याइएको हो भन्दा फरक नपर्ला । खसहरूको वेद भारतीय ऋृगवेद, अथर्ववेद नभएर शशी मुन्धुम (इतिहांस र भूगोल) सम्फनु पर्दछ । अरूलाई तिरस्कार गर्ने र म नै ठूलो र असल भन्ने अहंकारपन नै वैदिक आर्यहरूको एक असली उदाहरण हो । अरूलाई गाली गर्नु भन्दा हामीले आफ्नो बानीलाई सुधार गर्दै आफ्ना जीवन पद्धतिसंग नजिक हुने प्रण गर्ने बेला आएको छ । आजै र अहिल्यैदेखि हाम्रो बानी र व्यवहारमा परिवर्तन गरौ, कसो ?

व्यक्ति एउटै भएको सूचना




गण्डकी प्रदेश तनहुँ जिल्ला सावित माझकोट गा.वि.स. वडा नं. ८ हाल भिमाद नगरपालिका वडा नं. ३ बस्ने भारतीय भूपूसैनं. जे.सी ६१३०९८ पि, दर्जा सुवेदार/अनेरी लेफ्टिनेन्ट, पल्टन १/४ जि.आर.का **अनिल कुमार थापा**को नेपाली नागरिकता प्रमाण पत्र नं. ५४४, जारी मिति २०४९/०६/२६ मा नामथर **अनिल कुमार सिंह,** जन्ममिति वि.सं. २०३१/११/२७ उल्लेख भएको तर निजको भारतीय पेन्सन अभिलेखमा नामथर **अनिल कुमार थापा**, जन्ममिति वि.सं. २०३३/११/२७ (ई.सं. १०-०३-१९७७) उल्लेख भई नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस गरिन्छ ।

यस्तै, **अनिल कुमार थापा**को श्रीमती **पूर्ण कुमारी थापा**को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर **पूर्णा कुमारी सिंह** र जन्ममिति २०३४/१२/२६ (ई.सं. ०८-०४-१९७८) उल्लेख भएको तर श्रीमानको भारतीय सैनिक अभिलेखमा नामथर **पूर्णा कुमारी थापा**, जन्ममिति १९/१२/२०३८ (ई.सं. ०८-०४-१९८२) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

जिल्ला प्रशासन कार्यालय, तनहुँ ।

बाढीपहिरोले तनहुँ .....

उपभोग्य सामग्री ओसारपसार, विद्यालय आवतजावत र स्थानीयको अन्य कामकाज प्रभावित भएका छन् ।

तीन झोलुङ्गे पुल र पक्की पुलमा क्षति

बाढीले थप तीनवटा झोलुङ्गे पुलमा आंशिक क्षति पुऱ्याएको छ। घिरिङ गाउँपालिका-१ र पाल्पाको रामपुर नगरपालिका जोड्ने पुट्टारघाट-स्याउलीबजार झोलुङ्गे पुलमा क्षति पुगेको छ । यसको मर्मत तथा पुनर्निर्माणका लागि स्थानीय पूर्वाधार विकास विभागमा सिफारिस गरिएको छ।

घिरिङ गाउँपालिका-४ र नवलपुरको बौदीकाली जोड्ने जगौलीटार-थोत्रेनी झोलुङ्गे पुलमा पनि आंशिक क्षति पुगेको छ । त्यसैगरी देवघाट गाउँपालिका-१ र नवलपुरको गैँडाकोट नगरपालिका-३ जोड्ने झोलुङ्गे पुलको लट्ठा, स्ल्याब तथा जालीमा क्षति पुगेको प्रमुख जिल्ला अधिकारी तिवारीले जानकारी दिए । उक्त पुलको मर्मत गरी सुरक्षित बनाउने प्रक्रिया अघि बढाइएको छ ।

बाढीले घिरिङ गाउँपालिका-४ र नवलपुरको बौदीकाली जोड्ने कालीगण्डकी मण्डार-खरसङघाट पक्की पुलमा समेत आंशिक क्षति पुऱ्याएको छ । पुलको आवश्यक मर्मत तथा पुनर्निर्माणका लागि सडक विभाग, बबरमहल र सडक डिभिजन कार्यालय दमौलीमा सिफारिस गरिएको छ ।

कल्भर्ट पुनर्निर्माणको प्रक्रिया अघि बढाइँदै

बाढीले भिमाद नगरपालिका-४ स्थित सिंहाले कल्भर्ट पुल पूर्ण रूपमा क्षतिग्रस्त बनाएको छ । यसको पुनर्निर्माणका लागि पूर्वाधार विकास कार्यालय तनहुँ तथा गण्डकी प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयमा सिफारिस गरिएको छ ।

घिरिङ गाउँपालिका-४ स्थित तिरन्दी खोला कल्भर्टमा पनि आंशिक क्षति पुगेको छ । उक्त संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको प्रमुख जिल्ला अधिकारी तिवारीले बताए ।

उनले बाढीबाट क्षतिग्रस्त सडक, पुल, भवन तथा अन्य सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मतलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने बताए । आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित निकायमार्फत काम छिटो अघि बढाउन समन्वय भइरहेको उनको भनाइ छ ।

बाढीबाट क्षतिग्रस्त संरचनाको विवरण संकलन र पुनर्निर्माणका लागि सिफारिस गर्ने काम अघि बढे पनि प्रभावित क्षेत्रका बासिन्दाले सुरक्षित आवागमनका लागि तत्काल मर्मत तथा वैकल्पिक व्यवस्था आवश्यक रहेको बताएका छन् । जोखिमयुक्त पुल तथा सडकको अवस्था पहिचान गरी प्राथमिकताका आधारमा पुनर्निर्माण अघि बढाउनु अहिलेको आवश्यकता बनेको छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कार्तिक ८ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

कार्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कार्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिलुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

Scrub Typhus (स्क्रब टाइफस)


1. परिभाषा

Orientia tsutsugamushi नामक ब्याक्टेरियाका कारण हुने तीव्र ज्वरो आउने संक्रामक रोग हो। यो संक्रमित चिगर (chigger) अर्थात् माइट्को लार्भाले टोकेपछि मानिसमा सर्छ।


2. कारण

- कारक जीवाणु : *Orientia tsutsugamushi*
- वाहक : चिगर (mite) को लार्भा
- सर्ने माध्यम : संक्रमित चिगरले टोकेपछि
- भण्डार (Reservoir) : माइट तथा साना स्तनधारी जनावर (चुहा आदि)
- मानिसबाट मानिसमा : सामान्यतया सर्दैन।

3. संक्रमण हुने प्रक्रिया



4. Vector (चिगर) र Reservoir



Chigger mite (larval stage) (संक्रमित माइटको लार्भा) — Rodent (reservoir) (चुहा आदि)

5. प्रमुख लक्षणहरु

- अचानक उच्च ज्वरो
- टाउको दुख्ने
- शरीर/मांसपेशी दुख्ने
- धेरै कमजोरी तथा थकान
- जाडो लागने/कम्पन
- खोकी
- वाकवाकी तथा वान्ता
- लिम्फ नोड सुज्निनु
- श्वास
- Eschar (माइटले टोकेको ठाउँमा कालो, सुक्खा घाउ)



6. जटिलताहरु (उपचार नभएमा)

- निमोनिया / ARDS
- Encephalitis / Meningoencephalitis
- मिर्गौली समस्या (Acute kidney injury)
- Hepatitis (कलेजो समस्या)
- Myocarditis (मुटुको समस्या)
- Shock
- Multi-organ failure
- मृत्यु

समयमै उपचार नपाए गम्भीर हुन सक्छ।

7. निदान

- लक्षण तथा clinical history
- IgM ELISA
- PCR
- Immunofluorescence test
- Weil–Felix test (पुरानो र कम विश्वसनीय)



8. उपचार

- **Doxycycline** (प्रमुख प्रभावकारी औषधि)
- **Azithromycin** (doxycycline उपयुक्त नभएको अवस्थामा, विशेष गरी गर्भवती वा केही उमेर समूहमा)
- उपचार चिकित्सकको सल्लाह तथा राष्ट्रिय guideline अनुसार गर्ने।



9. रोकथाम

1. झाडी/घाँसे क्षेत्रमा जाँदा सावधानी
2. लामो बाहुला र लामो पाइन्ट लगाउने
3. उपयुक्त repellent प्रयोग गर्ने
4. जमिनको घाँस/झाडीमा सिधै नबस्ने वा नसुत्ने
5. घर वरिपरि झाडी व्यवस्थापन
6. लामो समय ज्वरो आएमा समयमै स्वास्थ्य संस्थामा जाने।

Exam Mnemonic "SCRUB"

- **S** – Sudden fever (अचानक ज्वरो)
- **C** – Chigger bite (चिगरले टोक्ने)
- **R** – Rash (स्यास)
- **U** – Untreated complications (उपचार नभए जटिलता)
- **B** – Black eschar (कालो eschar)

मुख्य कुरा: Scrub Typhus = Orientia tsutsugamushi + Chigger mite + Fever + Eschar + Doxycycline

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



विद्यालयमा सांस्कृतिक कार्यक्रम : तनहुँको भानु नगरपालिका-१२, बयापानीस्थित श्री विद्या निकुञ्ज माध्यमिक विद्यालयले आयोजना गरेको प्रतिभा पहिचान तथा सांस्कृतिक कार्यक्रममा नृत्य प्रस्तुत गर्दै विद्यार्थीहरू । कार्यक्रममा विद्यार्थीहरूले गायन, नृत्य, कला तथा विभिन्न सांस्कृतिक प्रस्तुति प्रदर्शन गरेका थिए । विद्यार्थीको अन्तर्निहित प्रतिभा पहिचान, सिर्जनशीलता अभिवृद्धि तथा नेपाली कला र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको विद्यालयले जनाएको छ । 'संस्कृतिको संरक्षण, प्रतिभाको सम्मान; गुणस्तरीय शिक्षा र उज्ज्वल भविष्य हाम्रो अभियान' भन्ने नारासहित विद्यालयले विद्यार्थीको प्रतिभा विकास र गुणस्तरीय शिक्षामा जोड दिएको छ । *तस्विर : भञ्ज्याङ*


तनहुँ जलविद्युत् आयोजनाको बाँधस्थलमा विपद् नमुना अभ्यास

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको मुख्य बाँध निर्माणस्थलमा विपद् नमुना अभ्यास गरिएको छ । निर्माणका क्रममा हुन सक्ने सम्भावित विपद्को जोखिम न्यूनीकरण, कामदारको सुरक्षा तथा आपत्कालीन अवस्थामा प्रभावकारी उद्धार र प्रतिकार्य सुनिश्चित गर्ने उद्देश्यले अभ्यास गरिएको हो ।

आयोजनाको नदी सुरक्षा व्यवस्थापन योजनाअन्तर्गत आपत्कालीन प्रतिकार्य उपयोजनाबमोजिम नमुना अभ्यास सञ्चालन गरिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए। अभ्यासमा प्याकेज १ र प्याकेज २ अन्तर्गत कार्यरत जनशक्तिलाई लक्षित गरी विपद्का बेला अपनाउनुपर्ने सुरक्षा सावधानी, उद्धार प्रक्रिया र सुरक्षित स्थानमा पुग्ने विधिबारे व्यावहारिक अभ्यास गराइएको थियो ।

आयोजना प्रमुख भण्डारीका अनुसार निर्माणस्थलमा हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गर्नुका साथै आपत्कालीन अवस्थामा तत्काल र प्रभावकारी प्रतिकार्य गर्न जनशक्तिलाई पूर्वतयारी अवस्थामा राख्ने उद्देश्यले अभ्यास आयोजना गरिएको हो ।



ठूला पूर्वाधार आयोजना निर्माणका क्रममा विभिन्न प्रकृतिका जोखिम उत्पन्न हुन सक्ने भएकाले जोखिमको पहिचान, सुरक्षा सावधानीको पालना र आपत्कालीन अवस्थामा अपनाउनुपर्ने प्रक्रियाबारे कामदार तथा सम्बन्धित जनशक्तिलाई जानकारी गराउनु आवश्यक रहेको उनले बताए । नमुना अभ्यासले विपद्का बेला सुरक्षित रहने, प्रभावित व्यक्तिको उद्धार गर्ने र सुरक्षित स्थानसम्म पुग्ने प्रक्रियाबारे व्यावहारिक ज्ञान अभिवृद्धि गर्ने अपेक्षा गरिएको उनको भनाइ छ ।

निर्माणस्थलमा कार्यरत जनशक्तिको सुरक्षा आयोजनाको महत्वपूर्ण पक्ष भएको उल्लेख गर्दै भण्डारीले सम्भावित जोखिम न्यूनीकरण र आपत्कालीन प्रतिकार्यको तयारीलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

facebook twitter



Umesh Nepal
x.com/HyperNephroma_

तिन बर्ष पुरै मिहेनतका साथ देशभर कमसेकम ५ expressway परियोजना बनाऔं । बजेट छर्ने अनि आसेपासेले चर्ने कम गर्दै लगौं । बचपनदेखि भोग्दै आएको कृष्णभिरहरू आगामी पुस्ताले भोग्न नपरोस । बैकल्पिक खै ? काठमाडौं कताबाट जानेहो ? बाटो बगायो त ! सिस्नेरी-हेटौंडामा हजारौं नागरिक घण्टौं अड्किएका छन्, जाममा... पर्यटकहरू पैदल चढ्दैछन् डककाडो । एउटो सुरूङ्ग छिचोल्ने कि ?
र, कामको सम्मान होस अनि गरिखानेलाई प्रोत्साहन। कुनै स्पस्ट आएम्रोत नभएकाहरू छाती फुलाउककदै हिंड्न नसकुन । बस यत्ति गरौं। बककाकी हुँदै गर्ला ।

तनहुँमा जिल्ला बाल क्लब सञ्जाल गठन सुरू

भञ्ज्याङ समाचारदाता/दमौली

बालबालिकाको अधिकार संरक्षण, सहभागिता तथा नेतृत्व विकास गर्ने उद्देश्यले तनहुँमा जिल्ला बाल क्लब सञ्जाल गठन प्रक्रिया सुरू भएको छ । एकीकृत सेवा कार्यालय तनहुँको आयोजनामा सुरू भएको सञ्जाल गठन कार्यक्रमको उद्घाटन सत्र ईश्वरीप्रसाद रेग्मीको अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रममा व्यास नगरपालिकाकी उपप्रमुख इन्दिरा दरैले उद्घाटन गरेकी थिइन् ।



कार्यक्रममा जिल्लाका विभिन्न पालिकाबाट सहभागी बालबालिकालाई समेटेर जिल्ला बाल क्लब सञ्जाल गठन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ।

जिल्लास्तरमा बाल क्लब सञ्जाल गठन भएपछि बालबालिकाका अधिकार, उनीहरूका सवाल तथा समस्या पहिचान गरी सम्बन्धित निकायसम्म पुऱ्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै, बालबालिकालाई आफ्ना विचार व्यक्त गर्ने, निर्णय प्रक्रियामा सहभागी हुने तथा नेतृत्व क्षमता विकास गर्ने अवसरसमेत प्राप्त हुने आयोजकको विश्वास छ ।

बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा, संरक्षण र सहभागितासँग सम्बन्धित सवालमा उनीहरूकै आवाजलाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै सञ्जालले स्थानीय तहदेखि जिल्लास्तरसम्म बालमैत्री गतिविधि सञ्चालनमा सहजीकरण गर्ने अपेक्षा गरिएको छ ।

कार्यक्रमले बालबालिकालाई अधिकारबारे सचेत बनाउँदै आफ्ना अधिकारको संरक्षणका लागि आवाज उठाउन सक्षम बनाउने तथा नेतृत्व विकासमार्फत जिम्मेवार र सक्रिय नागरिकका रूपमा अघि बढ्न सहयोग पुऱ्याउने आयोजकले जनाएको छ ।

चाडपर्व लक्षित तनहुँ कालिका मन्दिरमा सरसफाइ

भञ्ज्याङ समाचारदाता/दमौली

चाडपर्वलाई लक्षित गर्दै तनहुँको व्यास नगरपालिका-४ स्थित तनहुँ कालिका मन्दिर परिसरमा शनिबार सरसफाइ गरिएको छ ।



समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत आयोजित सरसफाइमा स्थानीय समुदाय, नेपाल प्रहरी र नेपाली सेनाको सहभागिता थियो ।

विजयादशमी, दीपावली लगायतका चाडपर्वमा मन्दिरमा दर्शन गर्न आउने भक्तजनलाई स्वच्छ र सहज वातावरण उपलब्ध गराउने तथा धार्मिक स्थलको सरसफाइ र व्यवस्थापनमा समुदाय र सुरक्षा निकायबीच सहकार्य बढाउने उद्देश्यले कार्यक्रम गरिएको हो ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४